# भाग १

निर्णय नं. - १

नगर प्रमुखबाट नगर सभामा पेश गर्नका लागि प्रस्तावित नीति कार्यक्रम तथा बजेट माथि छलफल हुँदा प्राप्त सुझावहरु समेत समावेश गरी तपसील बमोजिमको नीति कार्यक्रम तथा बजेट स्वीकृत गर्ने निर्णय गरियो।

पोखरिया नगरपालीकाको नगर सभामा नगर प्रमुख दिपनारायण प्र. रौनियारको तर्फबाट नगरउप-प्रमुख सलमा खातुनबाट प्रस्तुत नीति, कार्यक्रम तथा बजेट

पोखरिया नगरपालीकाको दोस्रो ऐतिहासिक नगर सभाको अध्यक्षता गरि राख्नु भएका नगरप्रमुख ज्यू, प्रमुख अतिथि माननीय मुख्यमन्त्री श्री लालबाबु राउतज्यू, माननीय सांसदज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू, कार्यपालिका र नगरसभाका सम्पुर्ण सदस्यज्युहरु, पत्रकारज्यू तथा कर्मचारी मित्रहरु सबैलाई हार्दिक अभिवादन र स्वागत गर्न चाहन्छु।

सर्वप्रथम गौरवमय दोस्रा नगरसभाबाट संघिय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न प्राण आहुति गर्ने ज्ञात अज्ञात सहीद प्रति भाव पुर्ण श्रद्धान्जली अर्पण गर्न चाहन्छु।

पर्सा जिल्लाको दोश्रो सदरमुकामको रुपमा पहिचान कायम गरेको यो नगरपालिकाको तीव्र विकास र समृद्धिको कार्यदिशा अघि बढाउन र यहाँका सम्पूर्ण नगारिकको सुखी जीवन निर्माणको लागि हामीलाई यो महत्वपुर्ण जिम्मेवारी र कार्यभार प्रस्तुत गर्नु हुने सबै नगरबासी, शुभेच्छुक र सरोकारवाला प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु।

भर्खरै सम्पन भएको प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनले संविधानले परिकल्पना गरेको तीन तहको सरकारलाई ब्यबहारमा उतार्न मार्ग प्रशस्त गरेको छ। आशा गरौ तीनै तहको सरकार बीच सुमुधुर सम्बन्ध र सहकार्य भइ सुखी नेपाल र समृद्ध नेपालको अभियानमा यो पोखरिया नगरपालिका पनि समावेश हुनेछ।

तत्कालिन ६ गाँउ विकास समितिहरु पोखरिया, बसन्तपुर, सिर्सिया, गोविन्दपुर, शिववर्ा र बैरिया विर्ता मिली यो नगरपालिका घोषणा भएको छ। वीरंगज देखि यस नगरपालिकाको केन्द्र पोखरिया बजार जोडने सडक बाहेक अन्य सवै सडकहरु धुलामे रहेकोले पूर्वाधार विकासको अवस्था अत्यन्तै नाजुक रहेको छ। यस नगरपालिका भित्र वितेको वर्ष अपग्रेड गरिएको एक माध्यमिक विद्यालय सहित दुईवटा मात्र माध्यमिक तहको विधालय रहेको, भएका विद्यालयहरुको भौतिक पूर्वाधारको अवस्था कमजोर रहेको, विधार्थी र शिक्षकको दरवन्दी अनुपात नमिलेको, भएको दरबन्दी समेत रिक्त रहेको कारण शिक्षा क्षेत्रको विकासमा पछाडी परेको छ। पोखरिया अस्पतालको स्थायी



Scanned by CamScanner

दरबन्दीमा चिकित्सकहरु नहुनाले मौलिक हकको रुपमा रहेको स्वास्थ्य सेवा सहजरुपले सबैको पहुचमा पुगन सकेको छैन । नगरपालिका कार्यालय लगायत शिक्षा , स्वास्थ्य, कृषि, पशु सेवातर्फ दरवन्दी अनुसार जनशक्ती नहुनु तथा भएका जनशक्ती समेत दक्षनहुनुले सेवाप्रवाहमा समस्या आइरहेको छ । यस नगरपालिकाका अधिकाश नगरबासी कृषिमा आधारित रहेका, दलित लगायत अधिकांश नगरवासी सँग खेती योग्य जग्गको कमीको कारण गरिवीको रेखा मुनि जीवनयापन गर्न बाध्य रहेका छन । जसले नगरपालिकाको आन्तरिक स्रोत अभिबृद्रिमा चुनौती खडा गरेको छ । लामो समय देखी नगर विकास समितिले गरेको जग्गा अधिग्रहण सम्वन्धी कार्यले सफलता प्राप्त गर्न नसक्दा ब्यवस्थित बस्ती विकासको सपना अधुरै रहेको छ । यी विभिन्न समस्या र चुनौती बावजुद नेपाली नागरिकले बिभिन्न समयमा गरेका ज्यान र बलिदान स्वरुप प्राप्त भएको संघिय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको संविधान र यस को कार्यान्वयनबाट तीन तहका सरकारहरु व्यवहारमा कार्यान्वयन भएका छन् । नगरपालिकाका नागरिक र जनप्रतिनिधिमा रहेको अठोट र यस नगरपालिकालाई छोएर मेची महाकाली जोडने हुलाकी लोकमार्ग निमार्णको कार्य शुरु हुनु र सो सँगै उधोग र कलकारखाना भित्र्याउन सकिने सम्भावनाले यस नगरपालिकाको उज्वल भविष्यतर्फको संकेत गदर्छु ।

यो नीति तथा कार्यक्रम र बजेटले लिएको उद्देश्य देहाय बमोजिम रहेका छन् ।

- नागरिकमा नगरपालिका भएको अनुमति दिलाउने ।
- नगरपालिकाबाट प्रदान गरिने सेवामा आम नागरिकको पहुँच अभिवृद्धि गर्ने ।
- समतामूलक सहितको समृद्ध नगर निर्माण गर्ने ।
- दिगो विकासको मर्म अनुरुप भौतिक पूर्वाधारको विकास गर्ने ।

यी उद्देश्य हासिल गर्न देहाय बमोजिमको प्राथमिकता निर्धारण गरेको छु ।

- शहरी पूर्वाधारको निमार्ण ।
- गाउँगाउँमा सडक संजालको निर्माण ।
- स्वस्थ र दक्ष जनशक्तिको निर्माण ।
- सुरक्षित प्रसुती सेवा ।
- सबै बालबालिकालाई अनिवार्य एंव गुणस्तरीय शिक्षाको सुनिश्चिता
- कृषि र पशुपालनको क्षेत्रमा सुधार ।
- सहकारीको माध्यमले उत्पादन र उत्पादत्वमा बृद्धि ।
- पर्यटन पूर्वाधारमा विकास र प्रबर्द्धन ।
- सार्वजनिक जग्गा तथा सार्वजनिक पोखरीको संरक्षण ।



Scanned by CamScanner

- दीर्घकालीन फोहर व्यवस्थापन र वातावरण संरक्षण ।
- बजार अनुगमन र नियमन।
- महिला र दलित सशक्तिकरण।
- सुशासन, पारदर्शिता र सेवा प्रवाहमा सुधार।

श्रीमान्‌अध्यक्षज्यू तथा नगरसभा सदस्यज्यूहरु

अव म आ.व. २०७५।७६ मा नगरपालिकाले अवलम्वन गर्ने नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु।

## पूर्वाधार विकास

"पर्साको केन्द्रविन्दु प्रचुर विकासका पूर्वाधार
स्वस्थ्य, सुन्दर, हराभरा पोखरीया स्मार्टसिटीको आधार"

पर्सा जिल्लाको मध्य भागमा रहेको पोखरिया नगरपालिका जिल्ला सदरमुकामको भुमिकामा छ । वीरगंज देखि ठोरी सम्मका जिल्ला वासीहरु केन्द्र भुमीमा रहेको पोखरीयालाई विकासको अग्रपङ्क्तीमा डोऱ्याउँदै नगरलाई स्वास्थ्य, सुन्दर, हराभरा बनाउँदै विकासका सम्पूर्ण पुर्वाधार पुऱ्याएर आर्कषक स्मार्ट सिटीको रुपमा विकास गरीने छ। यसका लागि हामीले आर्थिक वर्ष२०७५।०७६मा "पर्साको केन्द्रविन्दु प्रचुर विकासका पूर्वाधारस्वस्थ्य, सुन्दर, हराभरा पोखरीया स्मार्ट सिटीको आधार"

- विकासको मेरुदण्ड सडक भएको तथा शहरी सौन्दर्यतामा सडकको महत्वपूर्ण भूमिका भएकोले पक्की सडक विकास तथाढल निकासको लागि योजनाबद्र प्रयासहरु गरिनेछ। वितेको वर्षशुरु भएको सडक तथा ढलनिकासको लागि प्रत्येक बडामा रु ५० लाखको ठूला पूर्वाधार विकासको योजनालाई निरुन्तरता कार्यान्वयन गरिनेछ। साथै साना पूर्वाधार र प्रबर्द्धनात्मक योजनाको लागि प्रत्येक वडामा न्यून्नतम रु.तीस लाख देखि पच्चास लाख विनियोजन गरेको छु।
- प्रथम नगरसभा तथा नगरकार्यपालिकाले विभिन्न मितिमा स्वीकृत गरेका तर सम्पन्न हुन नसकेका योजनाहरुलाई चालु आ.व.मा निरन्तरता दिइनेछ।

- लामो समय देखीअवरुद रहेको पोखरिया नगर विकास समितिको जग्गाविकास कार्यक्रमलाई लक्षित समुदायको सक्रिय सहभागितामा समाधान गरी नेपाल सरकारले बनाएको बस्ती विकास तथा भवन निमार्ण आधारभूत मापदण्डको प्रभावकारी कार्यान्वयन गरी सुन्दर हराभरा र व्यवस्थित नगरको विकास गरिने छ।



Scanned by CamScanner

- नगरपालिका भित्रका मुख्य सडक न्यूनतम ३० फीट चौडाई हुने छ । सार्वजनिक, ऐलानी, पर्ति जग्गा संरक्षण गरिनेछ ।
- सार्वजनिक सडकहरु बाह्रै महिना सूचारु राखिने छ । यसका लागि मर्मत सम्भार कोष स्थापना गरिनेछ।यसको लागि रु ३० लाख विनियोजन गरेको छु।
- नगरपालिकाको आधुनिक भवन निर्माणको जग्गाको पहिचान गरिनेछ। नेपाल सरकार तथा प्रदेश सरकारसँग आवश्यक पहलर समन्वय गरी स्रोतको व्यवस्था मिलाइनेछ। साथै वडा कार्यालयहरुको भवन निर्माणको लागि विशेष पहल गरिनेछ।
- पोखरिया बजारमा रहेको शिव मन्दिरको जग्गामा  पार्क सहित आधुनिक भवन र मन्दिरको निर्माण गरिनेछ। यसका लागि चालु आ.व.मा रु १ करोड ५० लाख विनियोजन गरेको छु।
- बसपार्क निर्माणको लागि जग्गाको पहिचान गर्दै विसतृत परियोजना प्रतिवेदन तयार गरी कार्य अगाडी बढाइने छ ।
- आधुनिक बजार ( सपिङ्ग कमप्लेक्स ) निर्माणको लागि जग्गा पहिचान गरी व्रिसतृत परियोजना प्रतिवेदन सहित कार्य अगाडि बढाइने छ।
- रङ्गशाला निर्माणको लागि जग्गा पहिचान गरी विस्तृत परियोजना सहित कार्य अगाडि बढाइने छ।
- सबै वडाहरुलाई जोड्ने गरी चक्रपथ निर्माण गरिनेछ .



Scanned by CamScanner

# आर्थिक विकास

नगरपालिकाका अधिकांश जनताको मुख्य पेशा भनेको कृषि हो , कृषि क्षेत्रको विकासको लागि कृषि क, सिचाई सुविधा विस्तार, व्यावसायिक तालिम, प्राविधिक सहयोग गर्ने क्षेत्रमा लगानी गरिनेछ। कृषि को व्यवसायिकरण र आधुनिकीकरण गर्दै यसलाई मर्यादित , सम्मानित एवं आकर्षक पेशाको रुपमा ास गरिनेछ। तुलनात्मक एवं प्रतिस्पर्धात्मक लाभको सम्भावना र भौगोलिक र पर्यावरणीय स्थिति सार वडालाई विभिन्न खाद्यवस्तु र तरकारी उत्पदानको पकेट क्षेत्र निर्धारण गरी विशेष कार्यक्रम संचालन नेछ। साथै बेमौसमी तरकारी खेतीको विकास र विस्तार गरी रोजगारीमा बृद्धि गरिनेछ।

मग्र कृषि तथा तरकारी खेती, मसला खेतीको विकासको लागि पकेट क्षेत्र पहिचान गरी विकासको लागि वेध प्रयासहरु विउ वितरण, जैविक मल वितरण, चुन तथा स्प्रेयर टंकी निशुल्क तथा अनुदानमा वितरण रिनेछ।

- सिचाईको लागि उपयोग हुने विभिन्न नहरर कुलोको नियमित सरसफाई र मर्मत गरिनेछ। बाँध, पैनिको मर्मत संभार गरिनेछ।
- सिचाईको विकासका लागि साना सिचाई, बोरिङ्ग पम्प सेट आदि जडान तथा वितरण गरिनेछ।
- रासायनिक मल विषादीका कारण मानव स्वास्थयमा परेको प्रतिकुल असरलाई न्युनीकरण गर्न अर्गानिक तरकारी खेतीको प्रबर्द्धन विकाशमा टेवा पुग्ने गरी "किसानको गोठमा अनुदान किसानको ओठमा मुस्कान" यसै वर्षदेखि अभियान संचालन गरिनेछ। यसका लागि अर्गानिक तरकारी उत्पादन सहकारी संस्था स्थापनाका लागि आवश्यक पहल थालिने छ।
- गाईवस्तु तथा पशुमा लाग्ने महामारी रोगका कारण हुने क्षति र कृषकहरुको लगानीमा हुने जोखिमलाई ध्यान दिदैं यसको क्षति न्युनिकरण गर्ननाम्ले तथा जुकाको औषधी र महामारी बिरुद्धका भ्याक्सीन अभियानका रुपमा संचालन गरिनेछ।
- पशुको सन्तुलित आहारको व्यवस्थापनमा जोड दिदैं दुध तथा मासुजन्य उत्पादनमा बृद्धि गर्न खेतबारीका डीलकान्ला तथा खेर गईरहेको खाली जग्गा र सार्वजनिक जग्गाहरुमा समेत बाह्रैमहिना पुग्ने गरी डाले तथा भुइघाँस लगाउने गरी अभियान शुरु गरिनेछ।
- यस नगरपालिकाको उत्तर तर्फ रामभौरी भाङ्गा, पर्सा बन्यजन्तु आरक्ष, पश्चिम तर्फ ठोरी जस्ता पर्यटकीय स्थल रहेका छन्जो सँग सामन्जस्य कारी पर्यटकीय स्थल निर्माण तथा विकास गरी नगरबासीको आय आर्जनमा सुधार ल्याउन सकिने सम्भावना रहेकोले संघ तथा प्रदेश सरकारसंग सहकार्य गर्दै मधेसी सग्राहलय तथा पिकनिक स्मार्ट निर्माण सम्बन्धी तयार भएको मास्टर प्लान कार्यान्वयन गरिनेछ .
- नगरपालिकाको आन्तरिक आयमा सुधार ल्याउन करदाता शिक्षा र कर सप्ताह जस्ता अभियान संचालन गरिनेछ।



Scanned by CamScanner

- पुराना तथा नयाँ निर्माण हुने भौतिक संरचनाहरुलाई नक्सा पासको दायरमा ल्याइनेछ। सडक तथा भौतिक पूर्वाधार मापदण्डको प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ
- पर्सा जिल्लाको मध्य भागमा अवस्थित यस पोखरिया नगरपालिकामा एक तालिममहल तथा होटेल संचालन गर्ननीजि लगानी कर्ता प्रोत्साहन गर्ने नीति लिइनेछ।
- वीरगंज उद्योग वाणिज्य संघसंग सहकार्यगरी उद्योग र कलकारखानाको विकास गरी रोजगारीको अवशर सृजना गरिनेछ २५ जना भन्दा बढी रोजगारी सृजना गर्ने उद्योगहरुलाई पांच वर्षसम्म कर छुट दिइनेछ तथा पहुँच मार्गनिर्माण लगायत आवश्यक भौतिक पूर्वाधार जुटाउन सम्पूर्ण सहयोग गरिनेछ।

## सामाजिक विकास

- राष्ट्रिय - अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने सक्षम, दक्ष र योग्य नागरिक निर्माण गर्न विशेष पहल गरिनेछ।
- सामाजिक विकासको मेरुदण्ड शिक्षा र स्वास्थ्य भएकोले शिक्षा र स्वास्थ्यको विकासको लागि योजनाबद्ध रुपमा विशेष प्रयासहरु गरिनेछ।
- विद्यालय क्षेत्र विकास कार्यक्रम मार्फत विद्यालय शिक्षालाई समतामुलक र गुणस्तरीय बनाँउ विद्यालयहरुको व्यवस्थापकीय क्षमता अभिवृद्धि गरिनेछ।
- प्राविधिक र प्रविधिमेत्री शिक्षण सिकाईकार्यक्रम अगाडी बढाइनेछ। यस आ.व.को नयाँ शैक्षिक स देखि श्री रामदेव जिल्ला उचाङ्गल उच्च मा.वि. सँग समन्वय गरी थप एउटा प्राविधिक विषयक शिक्षण सिकाई शुरु गरिनेछ। यसको लागि रु ५ लाख विनियोजन गरेकोछु।
- शिक्षालाई गुणस्तरीय बनाउन उत्पादित जन शक्तिलाई थप प्रतिस्पर्धात्मक बनाउन र सामुदायिक निजी विद्यालय बीचको भिन्नता कम गर्न पोखरिया नगरपालिकाका सबै विद्यालयहरुमा २०७ बैशाख देखि थप अर्को कक्षाको अध्ययन अध्यापन अग्रेजी माध्यमबाट शुरु गरिनेछ। यसको लागि शिक्षकहरुलाई अंग्रेजी भाषाको तालिम प्रदान गरी क्षमता अभिवृद्धि गरिनेछ। यसको लागि रु दुईलाख विनियोजन गरेको छु।
- विभिन्न विद्यालयहरुको पूर्वाधार सुधारका लागि मर्मत सम्भारका लागि आवश्यक रकमको व्यवस्था मिलाएको छु। विभिन्न विद्यालयहरुलाई फर्निचर उपलब्ध गराउन आवश्यक रकम विनियोजन गरेको छु।
- माध्यमिक विद्यालय र केही आधारभुत विद्यालयमा विद्युतीय हाजिरीको व्यवस्था कार्यान्वयनमा ल्याइनेछ।



Scanned by CamScanner

●छात्राहरुको अनुपस्थित दर घटाउन स्वच्छ वातावरण प्रवर्द्धन गर्नमहिला र अपाङ्गमैत्री शौचालय निर्माणमा जोड दिइनेछ।

पोखरिया पब्लिक कलेज संचालन गर्नरु ५ लाख विनियोजन गरेको छु।

नगरपालिकाको प्रत्येक विद्यालयमा पोसाक अनिवार्यगरिनेछ।

गर्भमै लिङ्ग पहिचान गरी भ्रुण हत्या गर्नेअपाराधका कारण लैङ्गिक अनुपातमा कुप्रभाव परिरहेको छ र बालबालिकाको कम उमेरमा गरिने बालविवाहले महिलाको स्वास्थ्यमा मात्र होइन समग्र जनशक्ति विकासमैकु प्रभाव पारिरहेको छ। यी सबै कुप्रभाव नियन्त्रण गर्न, असल मानव स्रोतको विकास गर्न" साथैप्रदेश सरकारले शुरु गरेको बेटी बचाईबेटी पढाई अभियानमा सहयोग पुग्ने गरी वितेको वर्षशुरु गरिएको वालिका स्वर्ण योजनालाई चालु आ.व.मा निरन्तरता दिइनेछ । यस योजनाको कार्यान्वयनको लागि छोरी जन्मिएको ३५ दिन भित्र जन्म दर्ता गराइने र उनीहरुको नाममा एकमुष्ट रु १००००।- विमा गरिनेछ। उनीहरु कम्तीमा माध्यमिक तह उतीर्ण गरेपछि र २० वर्ष उमेर पुरा गरी विवाह गर्ने समयमा एकमुष्ट रकम उपलब्ध गराइनेछ। यस कार्यक्रमको लागि रु १५ लाख विनियोजन गरेको छु।

विद्यार्थीहरुको चौतर्फी विकासका लागि नगरपालिका भित्र सबै विद्यालयले प्रत्येक शुक्रबार अतिरिक्त क्रियाकलाप संचालन गर्नु पर्नेछ। र प्रत्येक महिनाको अन्तिम शुक्रबार पोखरिया उच्च मा.वि.ले नगरपालिका भित्रका सबै विद्यालयलाई समेटी अत्तिरिक्त क्रियाकलाप संचालन गर्नु पर्ने छ। यसको लागि रु ३ लाख विनियोजन गरेको छु।

दलित, विपन्न, महिला, जेष्ठ नागरिकलाई सहज रुपमा स्वास्थ्य सेवा प्रदान गर्न विविध योजनाहरु कार्यान्वयनमा ल्याइनेछ।

पोखरिया अस्पताललाई थप सुधार गर्दै विशेषज्ञ चिकित्सक सहितको सेवा उपलब्ध गराउन आवश्यक साझेदारी र व्यवस्था मिलाइनेछ। आवश्यक औषधीको व्यवस्थापन सहज बनाउन आधुनिक उपकरण युक्त बनाउन आवश्यक सामग्री खरिद गर्ने व्यवस्था मिलाएको छु। साथै आधुनिक प्रविधि मैत्री बनाउदै लगिनेछ. विद्युतको सुधार तथा स्तरोन्नतिको लागि रु ८ लाख विनियोजन गरेको छु।

ज्येष्ठ नागरिक तथा दलितको पोखरिया नगरपालिकाबाट प्रदान गरिएको निःशुल्क सेवालाई निरन्तरता दिइनेछ। यसका लागि रु ३ लाख विनियोजन गरेको छु।

नगरपालिका भित्रका स्वास्थ्य चौकीले प्रदान गर्ने सेवालाई थप सुद्धढ पार्न व्यवस्थापन समितिलाई थप सक्रिय बनाउदै महिनमा कम्तीमा एक पटक बैठक बसी प्रदान गर्ने नियमित सेवा, प्रसुती सेवा, खोप सेवा, गाउँ घर किलनिक सम्बन्धी सेवाहरुमा सुधार गर्दै नागरिकको पहुचलाई अभिवृद्धि गरिनेछ। स्वास्थ्यलाई नागरिकको मौलिक हकको रुपमा व्यवहारिक रुपमै कार्यान्वयन गरिनेछ।



Scanned by CamScanner

- मातृ शिशु स्वास्थ्यमा सुधार ल्याउन महिला स्वास्थ्य स्वयम सेविका लाईथप उर्जाका साथ परिचालन गरिनेछ। यस वापत उनीहरुलाई मासिक १००० प्रोत्साहण भत्ता प्रदान गरिनेछ। यसको लागि रु ६,५०,०००।- विनियोजन गरेको छु।
- नगरपालिका भित्रका जेष्ठ नागरिकहरुलाई सम्मान गरिनेछ। यसको लागि रु १ लाख विनियोजन गरेको छु।
- ज्येष्ठ नागरिकलाई मोतिया विन्दुको निःशुल्क आंखा अप्रेशनको व्यवस्था मिलाइनेछ।
- अपाङ्ग नागरिकहरुको जीवनयापन सहज तुल्याउन सहायक सामग्रीहरु वितरण गरिनेछ। यसको लागि रु १ लाख ५० हजार विनियोजन गरेको छु।
- नेपाल सरकारले संयुक्त राष्ट्र संघमा सरसफाई र शुद्ध पानीमा सबै नागरिकको पहुच कायम ग प्रतिबद्धता गरे अनुरुप २०७५ कार्तिक मसान्त अगाडी नगरपालिकालाई खुल्ला दिसामुक्त क्षेत्र घोषण गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ। शौचालय नभएको विद्यालय र स्वास्थ्य चौकीम शौचालय निर्माण गरिनेछ। नागरिकहरुको बढी भीडभाड हुने स्थान बजार लगायतको ठाँउम शौचालय निर्माण गरिनेछ। यसको लागि युनिसेफसँग साझेदारी गर्दै पूर्ण सरसफाईको सूच कार्यान्वयन गरिनेछ।
- खानेपानीको पहुच अभिवृद्धि गर्न वडा कार्यालय, दलित तथा विपन वस्ती, स्वास्थ्य चौकी सार्वजनि स्थलहरुमा धारा जडान गरिनेछ।
- यस नगरपालिका भित्र मनाइने विभिन्न चाडपर्व, धर्मसंस्कृतिको संरक्षण एवं प्रवर्द्धन गर्नआवश्य सहयोग गरिनेछ। यसको लागि रु १० लाख विनियोजन गरेको छु।
- युवाहरुलाईसक्रिय बनाउदैसक्षम र दक्ष नागरिक बनाउन खेलकुदका विभिन्न कार्यकमहरु संचाल गरिनेछ। फुटवल र क्रिकेटको छुट्टाछुट्टैमेयर नगरकपहरु संचालन गरिनेछ। यसका लागि रु ३ ला विनियोजन गरेको छु।
- युवाहरुलाई शारीरिक रुपमा तन्दुरुस्त बनाउन नगर स्तरीय जीम क्लब स्थापना गरिनेछ। यसक लागि रु दास लाख विनियोजन गरेको छु।
- समसान घाट निर्माणको लागि जग्गा पहिचान गर्दै आवश्यक कार्यहरु अगाडि बढाइनेछ।
- सुत्केरी तथा बालबालिकालाई कुपोषणबाट बचाउन बहुक्षेत्रिय पोषण आयोजना कार्यान्वयन गरिने । यसको लागि युनिसेफबाट प्राप्त सहयोग परिचालन गरिनेछ
- एक पालिका एक प्राविधिक विद्यालय नीति अनुरुप यस नगरपालिकामा एउटा प्राविधिक विद्याल यसैचालु आर्थिक वर्षसंचालन गर्नपहल गरिनेछ।
- निर्वाचित जनप्रतिनिधिहरुका क्षमता अभिबृद्धि गर्न निरन्तता रुपमा समय सापेक्ष तालिम तथ अध्ययन अवलोकन भ्रमणको नीति लिइनेछ।
- युवा बेरोजगारी बद्दै गइरहेको वर्तमान सन्दर्भमा रोजगारी तर्फउन्मुख गर्न नगरस्तरीय लोक सेव तयारी कक्षा संचालन गरिनेछ।



Scanned by CamScanner

घर घरमा शुद्ध खानेपानीको व्यवस्थापन गर्नेनीति लिइनेछ ।

विद्यार्थी भर्ना अभियानलाई तदारुपताका साथ अगाडि बढाउने तथा विद्यालयमा भर्ना भएका विद्यार्थीहरुको स्थायीत्व कायम गर्न दिवा खाजाको व्यवस्था मिलाउने नीति लिइएको छ ।

अति दलित गरीब परिवारको पहिचान गरी प्रत्येक परिवारलाई ग्यास चुल्हो तथा ग्यास सिलिन्डर वितरण गर्ने नीति लिएको छु ।

"बेटी पढाइ बेटी बचाई" भने प्रदेश नं. २ को नारालाईमुर्त रुप दिनमा मा.वि. र उच्च मा.वि.मा अध्ययनरत छात्राको मनोबल उच्च राख्न साइकल वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

दलित वर्गको परम्परागत पेशालाई आधुनीकिकरण गरी विभिन्न किसिमको आय आर्जन सम्बन्धि तालिमको व्यवस्थापन गरी प्रति व्यक्तिको आम्दानी बढाईरोजगारी सृजना गर्नेनीति लिइएको छु ।

विद्यार्थिहरुको बढ्दो चापलाई ध्यानमा राखी स्वंम सेवक शिक्षक भर्ना गरी गुणस्तरीय शिक्षा दिने नीति लिएको छु ।

हराभरा नगरको अवधारणलाई मुर्तरुप दिन आउने केही वर्षसम्म तार बार हेरालु सहित वृक्षारोपन कार्यक्रमलाई निरन्तरता दिने नीति लिइएको छु ।

बेटी पढाईबेटी बचाई भर्नानारालाई मूर्तरुप दिन पोखरीया नगरपालिका र यस वरीपरीका गाउपालिका छात्राहरुको लागि उच्च शिक्षा हासिल गर्नछात्रा विद्यालय स्थापना गर्नपहल गर्नेछु ।

माध्यमीक तह पास गर्ने जेहन्दार छात्र छात्राहरुको पहिचान गरी प्रत्येक नगर सभामा नगद तथा प्रशंसा पत्र प्रदान गर्ने नीति लिइएको छु ।

पोखरिया पुस्तकालयसंग सहकार्य गरी नगर सूचना केन्द्रको रुपमा विकास गरिनेछ साथै पुस्तकालयलाई प्रविधि मैत्री र आधुनिकरण गरिनेछ । यसको लागि र २ लाख विनियोजन गरेको छु ।



Scanned by CamScanner

# वातावरण तथा विपद व्यवस्थापन

- नेपालको संविधानले स्वच्छ वातावरणमा बाँच्न पाउने हकलाई मौलिक हकको रुपमा स्थापित गरेको छ । यसलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्न फोहौरमेला उचित रुपमा व्यवस्थापन , वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकुलको कार्यक्रमहरु संचालन गरिनेछ । यसको लागि रु ३२ लाख विनियोजन गरेको छु।
- पसल, बजार तथा घरहरुबाट निस्कने फोहोरलाई उत्पतिकै स्थलबाट सडने र नसडने गरी छुट्टाछुट्टै राख्ने, संकलन गर्नेतथा सडने फोहौरलाई कुहाई जैविक मल बनाउने तर्फ विभिन्न क्रियाकलापहरु संचालन गरिनेछ, सडने वा नसडने फोहोर संकलनको लागि डष्टविन वितरण गरिनेछ। डष्टवीन वितरणका लागि रु ३ लाख विनियोजन गरेको छु।
- सडक किनार, ऐलानी, पर्ती, सार्वजनिक जग्गाहरुमा बृक्षारोपण गरिनेछ। यसको लागि रु १० लाख विनियोजन गरेको छु।
- नगरिकहरुलाई आई पर्ने विविध किसिमका बिपद बाट बचाउनका लागि आवश्यक कार्यहरु गरिनेछ। यसको लागि रु (५ लाख) विनियोजन गरेको छु।
- जाडोबाट विपन्न नागरिकहरुलाई बचाउनको लागि कमल वितरण गरिनेछ। साथै चौक - चौक सार्वजनिक स्थलमा दाउरा बाली नागरिकलाईतातो पार्ने कार्यक्रम संचालन गरिनेछ।
- विपत व्यवस्थापन समितिलाई समय समयमा तालिमको व्यवस्था तथा समितिलाई पुनः सक्रिय बनाईयस नगरपालिका विपत व्यवस्थापन योजना बनाइनेछ।
- लामखुटे तथा भुसुनाबाट हुने सरुवा रोग नियन्त्रण गर्न लामखुटे विरुद्ध औषधि छकने लगायतका अभियान संचालन गरिनेछ।



Scanned by CamScanner

## संस्थागत विकास, सेवा प्रवाह र सुशासन

### "सु शासनयुक्त संमृद्ध विकासको शहर मधेशको गौरव, मधेशको शान पोखरिया नगर "

●निर्वाचित जन प्रतिनिधिहरुको स्थानीय तहमा वहाली पश्चात नगरपालिकाका असिमित चाहाना र आवश्यकता तथा नागरिकहरुमा रहेको सम्बृद्धिको अपेक्षालाई आत्मासाथ गर्दै पोखरिया नगरपालिकालाई सुशासन युक्त संमृद्ध विकासको शहरको रुपमा स्थापित गर्दै मधेशकै गौरव र मधेशको शानको रुपमा पोखरिया नगरका सम्पूर्ण गतिविधि अगाडि **बढाउन "सु शासनयुक्त समृद्ध विकासको शहर मधेशको गौरव, मधेशको शान पोखरिया नगर "**

●नगरपालिका तथा वडा कार्यालयले प्रदान गर्ने सेवा चुस्त, दुरुस्त र सहज तुल्याइनेछ। भ्रष्टाचार जन्य क्रियाकलापमा शुन्य सहनशीलताको नीति अवलम्वन गरिनेछ।

●जनशक्ति विकास, संगठनात्मक संरचना, सुचना मैत्री कार्य सम्पादन र सेवा प्रवाह लाई विशेष प्राथमिकता दिइनेछ।

●व्यक्तिगत घटना लगायतका तथ्याङ्क अध्यावधिक एंव व्यवस्थित गर्न सबै वडामा अनलाइन सेवा पुऱ्याउनेछ।

●नगरपालिका तथा वडा कार्यालयले प्रदान गर्ने सेवा चुस्त दुरुस्त र सहज पार्न तथा जनता समक्ष पूऱ्याउन Website मा प्रत्येक गतिविधि राखिने छ।

●नगरपालिका तथा वडा कार्यालयलाई प्रविधि मैत्री बनाई दक्ष जनशक्ति उत्पानदन गर्ने नीति लिइनेछ।

श्रीमान् अध्यक्ष ज्यू र नगरसभा सदस्य ज्यू

अव म गतआ.व. २०७४।०७५ को आयब्यय प्रस्तुत गर्न चाहन्छु। गत आ.व. मा नेपाल सरकारबाट समानीकरण अनुदान तर्फरु १७,११,३७,०००। भवनको लागि ५०,००,०००। पिछडा वर्ग १,५०,०००। गरीबसंग विश्वशेवर कार्यक्रम ४,२९,०००। बहुक्षेत्रीय पोषण १५,००,०००। गेट कार्यक्रम ६,८८,५००। सशर्तअनुदान तर्फरु ९,८१,०८,१४०। सडक बोर्डरु.२४,६१,४२५। समाजिक सुरक्षातर्फरु ३,९८,२८,०००। एल. जी.सि.डी. पी. रु १४,६१,०००। युनिसेफ तर्फरु १२,१०,६५०। र आन्तरिक स्रोत बाट रु ३२,६१,०३४। तथा अन्य आल्य १५५९७०८५।०२ र कुल जम्मा रु.३४,०८,३१,८३४। आय भएकोमा चालु तर्फरु १७,०८,६०,६२३। र पुँजीगततर्फरु १०,९८,३४,६६६।५२ गरी कुल जम्मा रु २८,०६,९५,२८९।०२ खर्च भएको छ।

श्रीमान् नगरसभा अध्यक्षज्यू र सदस्यज्यूहरु

अब म चालु आ.व.को आय व्ययको अनुमान पेश गर्नचाहन्छु।



Scanned by CamScanner

आय अनुमान तर्फ

- विभिन्न करका दायराबाट विभिन्न शिर्षकमा प्राप्त हुने राजस्व तथा आन्तरिक आय रु १,४७,४०,४५५।
- नेपाल सरकारवाट प्राप्त समानिकरण अनुदान अन्तर्गत बचत रु तथा आल्य समेत रु ६,०१,३६,५४५.००
- नेपाल सरकारवाट प्राप्त समानिकरण अनुदान अन्तर्गत हुन आएको रु १०,७६,००,०००।- अक्षरेपी रु दस करोड छीयत्र लाख मात्र। ससर्तअनुदान रु १४०९००००.००
- जेष्ठ नागरिक दीर्घसेवा सम्मान तथा समाजिक सुरक्षा कार्यकम रु ३,६४,९५,०००.०० अक्षरेपी रु तीन करोड चौसठी लाख पन्चन्नवे हजार मात्र।
- वहुक्षेत्रीय पोषण आयोजना कार्यक्रमको लागि रु १७२४०००
- राजश्व बाडफाड रु ६२१९५०००
- सडकबोर्डबाट सडक मर्मतको लागि रु ३०,००,०००.००
- प्रदेश सरकारबाट ससर्ततर्फ रु १,००,००,०००. एक करोड
- प्रदेश सरकारबाट समानीकरण तर्फ रु २७,१४,०००
- आन्तरिक ऋण २,००,००,०००

उल्लेखित शिर्षकहरुबाट प्राप्त हुने रकम कुल बजेट रु ४५,९५,०५,०००।
कुल आय पेश गरेको छु।

व्यय अनुमान तर्फः

- चालु खर्चतर्फ.६ करोड २७ लाख छतीस हजार मात्र।
- पुजींगत खर्चतर्फरु २०करोड ४९ लाख ३६ हजार मात्र।
- ससर्तअनुदान १४,०९,००,०००। शिक्षा, स्वास्थ्य, पोखरिया अस्पताल, आयुर्वैद, पशु, कृषि,
- वहुक्षेत्रीय पोषण कार्यकम को लागि १७,२४,०००।
- सामाजिक सुरक्षा भत्ता वितरण ३,६४,९५,०००।
- प्रदेश सरकार सशर्तकार्यक्रम १,००,००,०००।
- प्रदेश सरकारबाट समानिकरण २७,१४,०००।

कुल जम्मा खर्च४५ करोड ९५ लाख ५ हजार मात्र।



Scanned by CamScanner

श्रीमान् अध्यक्षज्यू, प्रमुख अतिथि मानीनय मुख्यमन्त्री ज्यू, सभासदज्यूहरु लगायत सम्पूर्ण अतिथि तथा नगरसभा सदस्यज्यूहरु :

अन्त्यमा,

यस बजेट तर्जुमा प्रत्यक्ष अप्रत्यक्ष मार्गदर्शन तथा सहयोग गर्नुहुने नगरप्रमुख ज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, कार्यपालिका सदस्यज्यूहरु, विषयगत समितिका सदस्यज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु, वुद्धिजीवी, सरकारी तथा गैर सरकारी संघसंस्थाहरु, पत्रकार लगायत अन्यमा हार्दिक आभार प्रकट गर्दछु। विभिन्न बिषयगत समिति तथा कार्यपालिकामा छलफबाट प्राप्त सुझावका आधारमा बजेट तर्जुमा गरिएको छ। नगरको चौतर्फी विकास र सम्वृद्धिमा निरन्तर सदभाव र सहयोग पुऱ्याउने आम नगरबासी, करदाता, विकास साझेदार, सरकारी तथा गैरसरकारी संस्थाहरु प्रति हार्दिक आभार प्रकट गर्दै बजेटको सफल कार्यन्वयनमा सबैको सहयोगको अपेक्षा गरेको छु।

धन्यवाद।



Scanned by CamScanner

# भाग-२

निर्णय नं.३ : यस पोखरिया नगरपालिकाको आर्थिक विधेयक, २०७५ स्विकृत गर्ने निर्णय गरिये

## पोखरिया नगरपालिकाको आर्थिक विधेयक, २०७५

### पोखरिया नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

प्रस्तावना: पोखरिया नगरपालिकाको आर्थिक वर्ष २०७५/७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन ग निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम पोखरिया नगरपालिकाको नगर सभाले यो बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७५" रहेको छ ।

२. सम्पति कर: नगरपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति करलगाइने र असूल गरिनेछ ।

३. भूमि कर (मालपोत): नगरपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र उपर गरिनेछ ।

४. घर वहाल कर: नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहर छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहा लगाइने र असूल गरिनेछ ।

५. व्यवसाय कर: नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवा आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. जडिबुटी, कवाडी र जीवजन्तु कर: नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबु वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत को कर आवश्यक बनाई व्यवस्थापन गरिने छ ।



Scanned by CamScanner

७. सवारी साधन कर: नगरपालिका क्षेत्रभित्र दर्ता भएका स वारी साधनमा अनुसूचि (५) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

८. विज्ञापन कर: नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर ग रिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

९. मनोरन्जन कर: नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (७) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अ न्यथा व्यवस्था भएको अवस्थामा सोहित्र बमोजिम हुनेछ।

१०. बहाल बिटौरी शुल्क: नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (८) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ।

११. पार्किङ शुल्क: नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (९) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. सेवा शुल्क, दस्तुर: नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (१०) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ।

१३. पर्यटनशुल्क: प्रदेश कानुन स्वीकृत भई सो कानुनमा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

१४. कर छुट: यस विधेयक बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन। तर पोखरिया बजारको ठेका हुदाँ हालको कालीकामाई गाउँपालिका पोखरियामा रहेको तर पछि छुट्टै स्थानियतहको रुपमा आएको कारण बजार ठेककादारलाई उचित छुट दिने अधिकार नगर कार्यपालिकालाई प्रत्यायोजन गरिएको छ।

१५. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि: यो विधेयकमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि नगरपालिकाले तोके अनुसार हुने छ।



Scanned by CamScanner

## अनुसूची- १

### सम्पत्तिकरको दर

| क्र.स. | करयोग्य एकीकृत सम्पत्तिको मुल्य | दर (वार्षिक) | कैफियत |
|---|---|---|---|
| १. | दश लाख रुपैया सम्म | ५०। | |
| २. | दशलाख एक देखि पन्ध्र लाख सम्म | २००। | |
| ३. | पन्ध्र लाख एक देखि बीस लाख सम्म | ३००। | |
| ४. | बीस लाख एक देखि तीस लाख सम्म | ५००। | |
| ५. | तीस लाख एक देखि पचास लाख रुपैया सम्म | १,२००। | |
| ६. | पचास लाख एक देखि एक करोड रुपैया सम्म | ३,५००। | |
| ७. | एक करोड एक रुपैया देखि पाँच करोड सम्म | २५,०००। | |
| ८. | पाँच करोड एक रुपैया देखि माथि | २ रुपैया प्रति हजार | |

### जग्गाको मुल्यांकन दर

| क्र.स. | ठाँउ/क्षेत्र | पोखरिया बजार क्षेत्र ( प्रति कठ्ठा | नम्बरी घडेरी जग्गा बाटो भएको प्रति कठ्ठा | | सरेह खेत बाटो भएको | | विना बाटोको सरेह खेत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | ग्राभेल | कच्ची | ग्राभेल | कच्ची | | |
| १ | सतवयिा वडा नं. १ | ५,००,००० | ३,००,००० | २००००० | १००००० | ७०००० | ५०००० | |
| २ | बनकटवा वडा नं. १ | ५,००,००० | ३,००,००० | २००००० | १००००० | ७०००० | ५०००० | |
| ३ | पोखयिा वडा नं. १ | ५,००,००० | ३,००,००० | २००००० | १००००० | ७०००० | ५०००० | |
| ४ | वसन्तपुर वडा नं. २ | - | ३,००,००० | २००००० | ७०००० | ५०००० | ३०००० | |



Scanned by CamScanner

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५. | मुडली वडा नं. ३ | - | ३,००,००० | २००००० | ७०००० | ५०००० | ३०००० | | |
| ६ | भेडिहारी वडा नं. ४ | - | ३,००,००० | २००००० | ७०००० | ५०००० | ३०००० | | |
| ७ | हरिहरपुर विर्ता वडा नं. -५ | - | ३,००,००० | २००००० | ७०००० | ५०००० | ३०००० | | |
| ८ | पशुरामपुर वडा नं. ६ | - | ३,००,००० | २००००० | ७०००० | ५०००० | ३०००० | | |
| ९ | विन्चीवर्वा वडा नं. ७ | - | ३,००,००० | २००००० | ७०००० | ५०००० | ३०००० | | |
| १० | श्रीर्सिया वडा नं. ८ | - | ३,००,००० | २००००० | ७०००० | ५०००० | ३०००० | | |
| ११ | गोविन्दपुर वडा नं. ९ | - | ३,००,००० | २००००० | ७०००० | ५०००० | ३०००० | | |
| १२ | बैयिाविर्ता शिवर्वा वडा नं. १० | - | ३,००,००० | २००००० | ७०००० | ५०००० | ३०००० | | |
| १३ | बैयिाविर्ता शिवर्वा वडा न ११ | - | ३,००,००० | २००००० | ७०००० | ५०००० | ३०००० | | |



Scanned by CamScanner

## अनुसुची- २

भूमि कर ( मालपोत) :

प्रति कट्ठा रु १०

## अनुसुची - ३

| क.सं. | दस्तुर, कर, शुल्क महशुल शिर्षक | परिमार्जित दर | रकम अक्षरुपी | कैफि |
|---|---|---|---|---|
| १ | बहाल कर | | | |
| २ | घर बहाल कर | १२ प्रतिशत | | |
| ३ | जग्गा बहाल कर | १.५ प्रतिशत | | |
| ४ | वसपार्क/वर्कसप/उधोग/ व्यवसाय जग्गा भाडा सार्वजनिक जग्गा | | | |
| ५ | प्रति बर्गफिट न्युनतम | | | |

## अनुसूची - ४

व्यसायकरको दर

| क.स. | कारोबारको प्रकृति | वार्षिक दर | कैफियत |
|---|---|---|---|
| १ | फोटो स्टुडियो | ५०० | |
| २ | फलफुल तथा विरुवा पसल | ५०० | |
| ३ | माछा/मासु विक्रेता (बध गरेर) | १००० | |
| ४ | फर्निचर पसल | ७०० | |
| ५ | ठेला पसल | ५०० | |
| ६ | कपडा पसल | ७०० | |
| ७ | भाडाकुडा पसल | ५०० | |
| ८ | सैलुन तथा व्युटी पालर | ५०० | |
| ९ | औषधि पसल | ७०० | |
| १० | किल्निक /ल्याव तथा प्याथोलोजि पसल | ७०० | |
| ११ | चुत्ता चप्पल पसल | ७०० | |
| १२ | किराना पसल | १००० | |



Scanned by CamScanner

| | | | |
|---|---|---|---|
| १३ | साइकल मर्मत पसल | ५०० | |
| १४ | ग्यास पसल | ७०० | |
| १५ | लोहसार | ५०० | |
| १६ | सुनचाँदी पसल | १००० | |
| १७ | हाडवेयर पसल | १००० | |
| १८ | पान पसल | ५०० | |
| १९ | टि.भी, मोबाइल, कम्प्युटर रिपेरिङ्ग पसल | ७०० | |
| २० | खैनी (सुर्ति पसल) | ५०० | |
| २१ | पेन्ट पसल | ७०० | |
| २२ | स्टेटनरी पसल | ७०० | |
| २३ | खाद, विज भण्डार पसल | ७०० | |
| २४ | लौनडरी पसल | ५०० | |
| २५ | लेथ मेसिन/टेक्टर रिपेरिङ्ग पसल | १००० | |
| २६ | गला भण्डार | १००० | |
| २७ | घडी पसल | १००० | |
| २८ | मोटरसाइकल बस, जीप, रिपेरिङ्ग | १००० | |
| २९ | पेट्रोल पम्प | ५००० | |
| ३० | गेट, ग्रिल वेल्डिङ्ग पसल | १००० | |
| ३१ | बैक तथा वित्तिय संस्था | ५००० | |
| ३२ | प्राविधिक तथा शैक्षिक परामर्श संस्था | १००० | |
| ३३ | निजी विद्यालय | १००० | |
| ३४ | विजुली पसल | १००० | |
| ३५ | टेन्ट पसल | १००० | |
| ३६ | निर्माण व्यवसायी | ५००० | |
| ३७ | गैर सरकारी संघ संस्था | १००० | |
| ३८ | निर्माण समाग्री | ३००० | |
| ३९ | ईटा उद्योग | ५००० | |
| ४० | पोल्टरी फारम/गाई/माछा/बन्गुर | २००० | |



Scanned by CamScanner

| | | | |
|---|---|---|---|
| ४१ | दूध चिस्यान | २००० | |
| ४२ | पावरोटी/आइस्किम तथा बरफ फेक्टी | २००० | |
| ४३ | सस्कृति तथा मनोरन्जन कर | २००० | |
| ४४ | कोल्ड स्टोर | १५०० | |
| ४५ | तेल, चामल, गहु, ऊखु कसर मिल | ३००० | |
| ४६ | कानुनी परामर्श तथा लेखापढी व्यवसायी | १००० | |
| ४७ | अन्य (माथि उल्लेखित बाहेक) | ५०० देखि १५०० | |

## अनुसूची - ५

क) सवारी दर्ता तथा सवारी वार्षिक कर

| सि.न. | विवरण | रकम |
|---|---|---|
| १ | कार, जिपमा वार्षिक रु | २०० |
| २ | हेवी सवारीमा वार्षिक रु | १,००० |
| ३ | टेम्पुमा वार्षिक रु | २५० |
| ४ | मिनी बसमा रु | ५०० |
| ५ | मोटरसाइकलमा वार्षिक | १०० |
| ६ | ठेलागाडामा वार्षिक रु | १५ |

(ख) पूर्वाधार उपभोग शुल्क

| सि.नं. | सवारी साधनको नाम | ईकाई | करको दररेट |
|---|---|---|---|
| १ | निजि तथा भाडाको बस ट्रक,टेक्टर | प्रति गोटा | २०। |
| २ | निजि तथा भाडाको सानो बस ,मिनि बस,कार जिप,भ्यान,टेम्पु | प्रति गोटा | १०। |
| ३ | लोडिङ्ग टायर भाडा | प्रति गोटा | १०। |
| ४ | भारतीय सवारी साधनको हकमा तोकिएको दरको दोब्बर हुनेछ | | |



Scanned by CamScanner

# अनुसूची- ६

| क्र.सं. | दस्तुर, कर, शुल्क महशुल शिर्षक | दर | रकम अक्षरुपी | कैफियत |
|---|---|---|---|---|
| १ | होडिङ्ग बोर्ड, वाल पेन्टिङ व्यापारीक प्रयोजनार्थ ( निजि जग्गा बाहेककोमा) | | | |
| २ | २० बर्ग फुट बार्षिक | २०० | | |
| ३ | ४० बर्ग फुट थप | ३०० | | |
| ४ | ६० बर्ग फुट | ४०० | | |
| ५ | ८० बर्ग फुट | ५०० | | |
| ६ | सो भन्दा माथी | ६०० | | |
| ७ | प्रत्येक विद्युतपोलमा प्रति बर्ग मिटर प्रति महिना | १० | | |
| ८ | एक भन्दा बढी बोर्ड भएमा एक निशुल्क तर थपको उपरोक्त अनुसार र थप न.पा. ले तोके अनुसार | | | |

# अनुसूची- ७

| क्र.सं. | दस्तुर, कर, शुल्क महशुल शिर्षक | परिमार्जित दर | रकम अक्षरुपी | कैफियत |
|---|---|---|---|---|
| | जादु, चटक, सर्कस र रमाईलो मेला | | | |
| २ | प्रतिदिन रु. ५०० देखी ५,००० सम्म स्तर हेरी प्रमुखले तोक्ने | | | |
| ३ | मानोरञ्जन कर | | | |
| ४ | चलचित्रहल व्यवसाय | | | |

# अनुसूची- ८

| | | | | |
|---|---|---|---|---|
| | पसल घर/सटर भाडा न्युनतम | | | |
| १ | गुदरी बजार, भिना बजार, सिमरा, अरु सबै स्थानहरुमा | | | |
| २ | डबल सटर | | | |
| ३ | बाहिर | | | |
| ४ | भित्र | | | |
| ५ | सिङ्गल सटर | | | |
| ६ | बाहिर | | | |
| ७ | भित्र | | | |

गर कार्यपालिकाले तोके बमोजिम हुनेछ।



Scanned by CamScanner

## अनुसूची- ९

| क.सं. | दस्तुर, कर, शुल्क महशुल शिर्षक | परिमार्जित दर | रकम अक्षरुपी | कैफियत |
|---|---|---|---|---|
| १ | पार्किङ शुल्क | | | |
| २ | ट्र्याक्टरको लागि | | | |
| ३ | हलुका सवारी साधनको लागि | | | |
| ५ | हेभी सवारी साधनकोलागि | | | |
| ६ | मोटरसाइकलका लागि | | | |

नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## अनुसूची- १०

क) घर नक्सा पास दस्तुर

घर नक्सा पास दस्तुर प्रति वर्गफिट

१ अवासीय घरहरु

- भुई तल्ला - १.५० रु वर्ग फिट
- पहिलो तल्ला - २.०० वर्ग फिट
- दोस्रो तल्ला - २.५० वर्ग फिट
- तेस्रो र सो भन्दा माथि - ३.०० वर्ग फिट

२ व्यवसायीक घर

- भुई तल्ला - २.०० प्रति /वर्गफिट
- पहिलो तल्ला - २.५० प्रति / वर्गफिट
- दोस्रो तल्ला - ३.०० प्रति वर्गफिट
- तेस्रो तल्ला र सो भन्दा माथि - ३.५० प्रति वर्गफिट

३ उद्योग /कलकारखाना

- भुई तल्ला - ६.०० प्रति / वर्गफिट

४ पर्खाल - २.०० प्रति मिटर

नक्सा पास किताब शुल्क रु ५००

अमिन द्वारा जग्गा नाप जाँच रु ५०० प्रति पटक

घर नक्सा पास नामसारी रु १०००



Scanned by CamScanner

नगरपालिका तथा वडा कार्यालयहरुबाट गरिने विभिन्न सिफारिसहरु सम्बन्धि शुल्क दस्तुर -

| क.सं. | विवरण | दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | जन्म मिति प्रमाणित | १०० | |
| २ | नाम थर शंसोधन | १०० | |
| ३ | नाता प्रमाणित | २०० | |
| ४ | जग्गा नामसारी सिफारिस | १०० | |
| ५ | घर बाटो प्रमाणित | ५० | |
| ६ | मधेशी, दलित, आदिवासी सिफारिस | ५० | |
| ७ | विद्युत मिटर सिफारिस | ५० | |
| ८ | चारित्रिक प्रमाणित | ५० | |
| ९ | जन्मदर्ता, मृत्यु दर्ता विवाह दर्ता | ५० | |
| १० | बसाईसराई | ५० | |
| ११ | नागरिकता सिफारिस | निशुल्क | |
| १२ | नागरिकता प्रतिलिपी सिफारिस | निशुल्क | |
| १३ | चारकिल्ला सिफारिस | २०० | |
| | | प्रति हजार | |
| १४ | सम्पत्ति मुल्याङ्कनको सिफारिस | रु २ | |
| १५ | मोही लगत कटा सिफारिस | १५० | |
| १६ | व्यापार व्यवसाय बन्द भएको सिफारिस | १०० | |
| १७ | घर जग्गाको लेखाजोखा सिफारिस | १०० | |
| १८ | बन्द घर तथा कोठा खोल्न | ५०० | |
| १९ | सम्पत्ति मुल्याकन बाहेको अग्रेजीमा सिफारिस | ३०० | |
| २० | विवाह प्रमाणित तथा अविवाहित प्रमाणित | ५० | |
| २१ | व्यक्तिगत विवरण प्रमाणित | ५० | |
| २२ | लालपुर्जा हराएको सिफारिस | १०० | |
| २३ | नाम थर जन्म मिति तथा एउटै व्यक्ति हो भने सिफारिस | १०० | |
| २४ | किता काट गर्ने सिफारिस | १०० | |
| २५ | हक वाला प्रमाणित | १०० | |
| २६ | उद्योग ठाँउसारी सिफारिस | ५०० | |
| २७ | विद्यालय खोल्न सिफारिस | १००० | |
| २८ | बहालकरको लेखा जोखा सिफारिस | ५० | |
| २९ | संचालन नभएका वा व्यापार व्यवसाय छदै नभएको सिफारिस | १०० | |



Scanned by CamScanner

| | | |
|---|---|---|
| ३० | निःशुल्क तथा सःशुल्क स्वास्थ्य उपचारको सिफारिस गर्ने | निशुल्क |
| ३१ | घर पताल प्रमाणित (सुकुम्वासी) | ५० |
| ३२ | जग्गा धनी दर्ता प्रमाण पुर्जामा घर कायम गर्न सिफारिस | १०० |
| ३३ | संरक्षक प्रमाणित | ५० |
| ३४ | जिवित रहेको सिफारिस | ३०० |
| ३५ | हकदार प्रमाणित | ३०० |
| ३६ | आर्थिक अवस्था कमजोर वा सम्पनन सिफारिस | ५० |
| ३७ | माथी बाहेक अन्य सिफारिस | १०० |
| ३८ | उद्योग संचालन सिफारिस | १००० |
| ३९ | एफ एम संचालन वा नविकरण | १००० |
| ४० | माथि उल्लेखित सिफारिस गर्न सहर्जमिन मुचुल्का आवश्यक भए थप रु | ३०० |
| ४१ | सार्वजनिक निर्माणकार्यको लागि घ वर्गको इजाज्त पत्र नया | ३००० |
| ४२ | सार्वजनिक निर्माणकार्यको लागि घ वर्गको इजाज्त पत्र नविकरण | २००० |
| ४३ | संघ संस्था दर्ता तथा नविकरण | १००० |
| ४४ | पोखरिया बजारमा सार्वजनिक, ऐलानी, पर्ति जग्गामा बनेको पक्की घर प्रति कोठा प्रति महिना | २००० |
| ४५ | पोखरिया बजारमा सार्वजनिक ऐलानी पर्ति जग्गामा बनेको टहरा प्रति टहरा प्रति महिना | १००० |
| ४६ | ईटा उद्योगले गरेको प्रदुषण वापत वातावरण संरक्षण शुल्क प्रति एक हजार ईटा | १०० |
| ४७ | माथि उल्लेखित बाहेक अन्य सिफारिस | १०० |



Scanned by CamScanner

ग)हाट बजार करको दर रेट

| सि.नं. | विवरण | ईकाई | करको दररेट |
|---|---|---|---|
| १ | मासु पसल | १ खसि | २०। |
| २ | सानो माछा तथा ठुलो माछा | प्रति पसल | २०। |
| ३. | टोकरी साग सबजी | प्रति टोकरी | १०। |
| ४. | साग सबनी टायर गाडा/पिक अथप | प्रति टायर | ६०। |
| ५. | साइकल दोकान पसल | प्रति पसल | २०। |
| ६. | हांस कुखुरा आदीमा | प्रति हास | ५। |
| ७. | चौपाया | प्रति गोठा | २५। |
| ८. | मिठाई पसल | प्रति पसल | २०। |
| ९. | माटो,भाडा पसल | प्रति पसल | १०। |
| १०. | फलफुल | प्रति पसल | १०। |
| ११ | अन्य ठेला | प्रति पसल | १०। |
| १२ | ऐलानी जग्गामा थपेको पलस /गुम्टी | प्रति पसल | २०। |



Scanned by CamScanner

निर्णय नं ४: यस पोखरिया नगरपालिकाको विनियोजन विधेयक,२०७५ स्वीकृत गर्ने निर्णय गरियो।

पोखरिया नगरपालिकाको विनियोजन विधेयक,२०७५

पोखरिया नगरपालिकाको आर्थिक वर्ष २०७५/२०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रस्तावना:पोखरिया नगरपालिकाको आर्थिक वर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप -धारा (२)वमोजिम पोखरिया नगरपालिकाको नगर सभाले यो विधेयक बनाएको छ।

१.संक्षिप्तनामर प्रारम्भ: (१)यस ऐनको नाम पोखरिया नगरपालिकाकाको विनियोजन विधेयक, २०७५" रहेको छ

२.आर्थिक वर्ष २०७५।०७६को निमित्त सञ्चित कोषबाट रकमखर्च गर्ने अधिकार: (१)आर्थिकवर्ष २०७५।०७६ का निमित्त नगरकार्यपालिका, वडा समिति, विषय गत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ४५ करोड ९५ लाख ५ हजार नवढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. विनियोजन: (१) यस विधेयकद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।०७६ को निमित्त पोखरिया नगरपालिका नगर कार्यपालिका, वडा समिति र विषय गत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२)उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषय गत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकवाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुवाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षक वाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा वाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगरकार्यपालिकाको स्वीकृति लिनु पर्नेछ।



Scanned by CamScanner

अनुसूचि-१
(दफा२ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संञ्चितकोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | वित्तियव्यवस्था | जम्मा |
|---|---|---|---|---|---|
| | ३ ४ | ५ | | ७ | |
| | नगरकार्यपालिका | २५४५६९ | २०४९३६ | | ४५९५०५ |
| | वडा समिति | | | | |
| | विषयगतशाखा | | | | |
| | ऋणको सावा, व्याजभुक्तानी | | | | |
| | लगानी (शेयर/ऋण) | | | | |



Scanned by CamScanner